२०७७ कात्तिक १६ गते

सम्मानीय प्रधानमन्त्री तथा कमरेड अध्यक्ष ज्यू,

कमरेड कार्यकारी अध्यक्ष ज्यू,

नेपाल कम्युनिस्ट पार्टी, (नेकपा)

केन्द्रीय कार्यालय, धुम्बाराही (काठमाण्डौं)।

**विषय : अविश्वास प्रस्ताव पेश भएपछि उत्पन्न परिस्थितिका सम्बन्धमा।**

उपरोक्त सम्बन्धमा कर्णाली प्रदेश सरकारको विगत साढे दुइ वर्षे कार्यकालको गम्भिरतापूर्वक समिक्षा गरी हामी कर्णाली प्रदेशसभा ससंदीय दलका ३२ सदस्य मध्ये १८ जना माननीय सदस्यले संसदीय दलको विधानको २४(१) अर्न्तगत दलका नेता माननीय महेन्दबहादुर शाहीप्रति अविश्वासको प्रस्ताव २०७७ असोज २५ गते दलका नेता एवम मुख्यमन्त्रीको रोहबरमा माननीय प्रमुख सचेतक गुलाबजंग शाहलाई बुझाएको विषय अध्यक्ष कमरेडहरुलाई अवगत नै छ। सो विषयमा प्रदेश संसदीय दलमा छलफल र निर्णयार्थ पेश नहुँदै अध्यक्षद्वयले लेखको पत्रलाई आधार बनाएर मसहित अन्य कमरेडहरु काठमाण्डौ आएर, तपाईहरुले आयोजना गर्नुभएको सामूहिक र अलग-अलग छलफलमा अविश्वास प्रस्ताव ल्याउनु परेको कारण र अवस्थाबारे मैले आफ्नो तर्फबाट जानकारी गराएको थिए। ती सबै छलफलहरुमा अविश्वासको प्रस्तावको कारण र त्यसबाट उत्पन्न परिस्थितिबारे गंभीर अनूभूति गरेको कुरा स्वयम् तपाईहरुको प्रतिक्रियाबाट सजिलै बुझ्न सकिन्थ्यो।

अविश्वासको प्रस्तावको प्रक्रिया सम्बन्धित ससदीय दलको क्षेत्राधिकार हुँदाहुदैँ पनि पार्टी एकताको संक्रमणकालीन अवस्थामा पार्टी अध्यक्षद्वयले नै कर्णालीको समस्यालाई आफुहरुले गम्भीरतापुर्वक लिएको भन्ने कुरालाई मैले सकारात्मक रुपमा लिएको थिए । मलाई विश्वास थियो कि अध्यक्ष कमरेडहरुले नै विषय बनाएपछि कर्णाली प्रदेश सभामा उत्पन्न समस्याको सकारात्मक प्रभाव पार्ने गरी समाधान हुनेछ तर, समाधान हुनुको सट्टा परिस्थिति थप जटिलतातर्फ अगाडि बढेकोले लिखितरुपमा नै अध्यक्ष कमरेडहरुको ध्यानाकर्षण गराउनु आफ्नो कर्तव्य ठानी निम्न बुँदामा गम्भिरतापूर्वक ध्यानाकर्षण गर्न चाहन्छु ।

१. २०७७ साल असोज २७ गते पार्टीको केन्द्रीय कार्यालयमा उपस्थित हुने व्यवहोराको दुवै अध्यक्षले हस्ताक्षर गरेर निर्देशन दिएको पत्रका सन्दर्भमा हालसम्म के प्रगति भयो ?

२. म सहित १८ जना प्रदेशसभा सदस्यले असोज २५ गते दलका नेता एवम मुख्यमन्त्रीको रोहबरमा माननीय प्रमुख सचेतक गुलाबजंग शाहलाई अविश्वासको प्रस्ताव पेश गरिसकेपछि विषयको किनारा नलाग्दासम्म दलको नेता स्वयमले दलको बैठकको अध्यक्षता गर्न नपाइने बैधानिक व्यवस्था छ । दलको विधान अनुसार प्रमुख सचेतक गुलाबजंग शाहले असोज २७ गते दलको बैठक आव्हान गरिसकेपछि दलको नेताले बैठकमा उपस्थित भएर प्रदेशसभा सदस्यको विश्वास जित्ने प्रयास गर्नुको सट्टा अनाधिकृत रुपले प्रमुख सचेतक हटाउने कामप्रति तपाई अध्यक्षद्वयको धारणा के हो ? यो विषय नेपाल कम्युनिस्ट पार्टी (नेकपा) मा कस्तो प्रचलन बसाउनेसँग सम्बन्धित छ ? के यस्ता अनाधिकृत कामहरु सच्याउनु पर्दैन ?

३. अविश्वासको प्रस्तावमा उल्लेख भएका विषयमा प्रदेशस्तरमा कही कतै छलफल गरिएन । विषयको आधारमा समस्या समाधान गर्नुको सट्टा नेपालको संसदीय राजनीतिमा विगतमा केन्द्रमा प्रयोग भएका नकारात्मक प्रवृतिको कर्णाली प्रदेशमा पुनरावृति गराइयो । विषयको टुङ्गो नलाग्दै अविश्वास प्रस्तावको हस्ताक्षरकर्तालाई नियुक्ति पत्र थमाइयो ।

दलभित्र अविश्वासको प्रस्तावबारे बैधानिक ढंगले छलफल गरेर टुङ्गो लगाउनुको सट्टा पद प्रतिष्ठा खुलेआम वितरण गरिएका विषयहरु सार्वजनिक भएका छन । के नेपाल कम्युनिस्ट पार्टी यस्तै खालको संस्कार र सँस्कृतिको पक्षमा छ ?

४. हालै जारी अन्तर पार्टी निर्देशिकामा गुटगत गतिविधिको अन्त्य गर्दै पार्टी एकता र निर्माणमा जोड दिइएको छ । त्यसका लागि नेकपाभित्र कायम रहेको पक्षधरताको सीमा तोड्नु आवश्यक थियो । अविश्वासको प्रस्तावमा हस्ताक्षर गर्नेले नेकपाभित्रको पक्षधरतालाई तोडेर विषयका आधारमा एक ठाउँमा उभिएका थियौ, तर विषयका आधारमा उभिएका प्रदेशसभा सदस्यलाई नेतृत्व तहबाट नै हतोत्साहित गर्ने काम भयो, व्यक्तिको निष्ठा र इमानमा जनस्तरबाट प्रश्न उठाउने परिस्थिति निर्माण गरियो । केन्द्रीय नेतृत्व तहबाटै भएको यस्तो क्रियाकलाप र गतिविधिले एकताबद्ध पार्टी निर्माण संभव छ ?

५. कर्णाली प्रदेशसभाभित्र उत्पन्न समस्यालाई यथास्थानमा राखेर काठमाण्डौं आउन गरिएको निर्देशनलाई एक पक्षले पालना गर्ने तर समस्याको समाधान नहुँदै सत्तापक्षले अनाधिकृत व्यक्तिको अध्यक्षतामा २०७७ कात्तिक ७ गते एक पक्षीय ढंगले दलको बैठकको आयोजना गऱ्यो । अध्यक्षद्वयको निर्देशन विपरित गरिएको बैठक के नियमसंगत थियो ? म नेतृत्वलाई प्रश्न गर्न चाहन्छु । त्यो बैठकबाट कर्णालीमा देखिएका समस्याको समाधान भयो र ? कर्णालीमा नेकपाभित्र थप जटिलता उत्पन्न भयो ?

**उपरोक्त विषयमा पार्टी नेतृत्वको समयमा नै ध्यान जानुको साथै समस्या समाधानको लागि प्रभावकारी पहल हुनेछ भन्ने विश्वास लिएको छु ।**

माथि उल्लेखित विषयसंग सम्बन्धित आवश्यक निम्न कागजपत्रहरु यसै निवेदनसाथ संलग्न गरेको छु ।

१) अविश्वास प्रस्तावको प्रतिलिपि ।

२)   अविश्वास प्रस्ताव बुझाएको फोटो ।

३)   २०७७ असोज २७ गते अध्यक्षद्वयको काठमाण्डौ उपस्थितिको पत्र ।

४)   अविश्वास प्रस्ताव दर्तापछि गरिएका नियुक्तिपत्रहरु ।

निवेदक

.....................

यामलाल कंडेल

सहइन्चार्ज तथा प्रदेश सभा सदस्य

नेपाल कम्युनिष्ट पार्टी, (नेकपा)

कर्णाली प्रदेश

बोधार्थ:

१.   कमरेड महासचिव, नेकपा (आवश्यक जानकारी र सहजीकरणको लागि)

मा. प्रमुख सचेतक ज्यू
नेपाल कम्युनिष्ट पार्टी (नेकपा)
कर्णाली प्रदेशसभा संसदीय दल

विषय :- दल नेता उपर अविश्वासको प्रस्ताव सम्बन्धमा

प्रस्तुत विषयमा नेपाल कम्युनिष्ट पार्टी (नेकपा) प्रदेशसभा संसदीय दलको गठन र दलको नेतामा मा. महेन्द्र बहादुर शाही निर्वाचित भएपश्चात संसदीय दलको प्रभावकारिता र दलको नेताको रूपमा संसदीय दल एवं सरकारको नेतृत्व प्रभावकारी नभएको विगतदेखि दल र सरकारका कामकारबाही विवादमा पर्ने र सो कारणले जनस्तरमा पार्टी र सरकारको आलोचना चुलिँदो भएको छ। अतः नेकपा प्रदेशसभा संसदीय दलको विधान २०७५ को नियम २४(१) बमोजिम हामी तपाईंसमक्ष उल्लेखित मा. महेन्द्रको दल नेता उपर विश्वास नरहेकोले प्रस्तुत अविश्वासको प्रस्ताव दर्ता गरेका छौं। सोही नियम २४ को (१, २, ३, ४) बमोजिम यथाशीघ्र बैठक आयोजना गरी मार्ग प्रशस्त गर्न एवं प्रस्तुत प्रस्तावलाई नियमबमोजिम निर्णय गर्न गराउन अनुरोध गर्दछौं।

तपसिल

| क्र.सं. | नामथर | ठेगाना | हस्ताक्षर | |
|---|---|---|---|---|
| १ | यामलाल कँडेल | सुर्खेत २(क) | | |
| २ | चन्द्र बहादुर शाही | मुगु १(ख) | | |
| ३ | करबिर शाही | जाजरकोट-(ख) | | |
| ४ | कुर्मराज शाही | कालिकोट(क) | | |
| | क्रमशः → | | | |

| क्र.सं. | नामथर | ठेगाना | हस्ताक्षर |
|---|---|---|---|
| ५. | भीम बहादुर थापा | १-ख दैलेख | [signature] |
| ६. | सुशिल कुमार थापा | २.क दैलेख | [signature] |
| ७. | मिना सिंह रावल | दैलेख | [signature] |
| ८. | कान्ति सिंह पाल्थि | [illegible] | [signature] |
| ९ | पदम ब. रोकाया | २ ख जुम्ला | [signature] |
| १० | पद्मा खड्का | [illegible] सुर्खेत | [signature] |
| ११ | कौशिलावति खत्री | जाजरकोट | [signature] |
| १२- | पुष्पा घर्ती (मिडिया) | सुर्खेत | [signature] |
| १३ | राजु नेपाली | ,, ,, | [signature] |
| १४ | धर्मराज रेग्मी | दैलेख १ क | [signature] |
| १५ | खड्क बहादुर खत्री | सुर्खेत १ क | [signature] |
| १६ | हिम्मत ब. विष्ट | कालिकोट १(क) | [signature] |
| १७ | लक्ष्मी बहादुर[illegible] | [illegible] | [signature] |
| १८ | देवी ओली | रुकुम (पश्चिम) | [signature] |

बोधार्थ: १. मा. मुख्यमन्त्री महेन्द्र बहादुर शाही कर्णाली प्रदेश सरकार

जानकारी: २. नेपाल कम्युनिष्ट पार्टी (नेकपा), प्रदेश कमिटी, कर्णाली प्रदेश।





# नेपाल कम्युनिष्ट पार्टी (नेकपा)

केन्द्रीय कार्यालय, काठमाडौं, नेपाल

मिति : २०७७/६/२७

कमरेड यामलाल कणेल
सदस्य, प्रदेशसभा
सदस्य, केन्द्रीय कमिटी, नेपाल कम्युनिष्ट पार्टी (नेकपा)

**विषय : पार्टीको केन्द्रीय कार्यालयमा उपस्थित हुने ।**

कर्णाली प्रदेशसभामा उत्पन्न विवादका सम्बन्धमा हाम्रो ध्यानाकर्षण भएको छ । उक्त विवादलाई यथावत राखी छलफलका लागि २०७७ असोज २९ गतेसम्म पार्टीको केन्द्रीय कार्यालय, धुम्बाराही काठमाडौंमा उपस्थित हुनुहुन निर्देशित गरिएको छ ।

पुष्पकमल दहाल 'प्रचण्ड'
अध्यक्ष

केपी शर्मा ओली
अध्यक्ष

• धुम्बाराही: फोन: +९७७ १ ४३३८०५५, ४३७८०९०, फ्याक्स: +९७७ १ ४०१५९८० • पेरिसडाँडा: फोन: +९७७ १ ४६०२२९०, ४६०२२८८, फ्याक्स: +९७७ १ ४६०२२८९
पोष्टबक्स नं. ५४७१, ईमेल : info@ncp.org.np, वेबपेज: www.ncp.org.np

# नेपाल कम्युनिष्ट पार्टी (नेकपा) प्रदेशसभा दल
## कर्णाली प्रदेश

मिति : २०७७/०६/२५

मा. श्री गुलावजंग शाह,
कर्णाली प्रदेश सभा सदस्य, ।

प्रदेश सभा सचिवालय
कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेत
दर्ता नं. : 65
मिति : २०७७।०६।२६

विषय : जिम्मेवारीमुक्त गरिएको सम्वन्धमा ।

प्रस्तुत सम्वन्धमा नेपाल कम्युनिष्ट पार्टी (नेकपा) कर्णाली प्रदेश सभा दलको नेताको हैसियतमा प्रदेशसभा दलको विधानको धारा ७ अनुसार प्रमुख सचेतकमा नियुक्त गरिएकोमा तपाईका कामकारवाही सन्तोषजनक नभएकोले आजसम्म गरेको कामको लागि धन्यवाद दिदै तपाईलाई नेपाल कम्युनिष्ट पार्टी (नेकपा) प्रदेशसभा दलको प्रमुख सचेतकको जिम्मेवारीवाट मुक्त गरेको छु ।

(..........)
महेन्द्रबहादुर शाही
प्रदेश सभा दल नेता
तथा मुख्यमन्त्री, कर्णाली प्रदेश

बोधार्थ :

१) अध्यक्ष, नेपाल कम्युनिष्ट पार्टी (नेकपा)
कर्णाली प्रदेश कमिटी, वीरेन्द्रनगर, सुर्खेत ।

२) नेपाल कम्युनिष्ट पार्टी (नेकपा)
केन्द्रीय कार्यालय, काठमाडौं, नेपाल ।

३) प्रदेश सभा सचिवालय
कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेत ।

श्री कार्य व्यवस्था शाखा
दर्ता गरि मा. सभामुख ज्यूमा पेश गर्ने ।
६।२६

# नेपाल कम्युनिष्ट पार्टी (नेकपा) प्रदेशसभा दल
## कर्णाली प्रदेश

मिति : २०७७/०६/२५

मा. सिता कुमारी नेपाली,
कर्णाली प्रदेश सभा सदस्य, ।

प्रदेश सभा सचिवालय
कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेत
दर्ता नं. : ८०
मिति : २०७७/०६/२६

विषय : नियुक्त गरिएको सम्वन्धमा ।

प्रस्तुत सम्वन्धमा नेपाल कम्युनिष्ट पार्टी (नेकपा) कर्णाली प्रदेश सभा दलको नेताको हैसियतमा प्रदेशसभा दलको विधानको धारा ७ वमोजिम प्रदेश सभा सदस्य एवं नेपाल कम्युनिष्ट पार्टी (नेकपा) प्रदेश सभा दलका सदस्य तपाई मा. सिता कुमारी नेपालीलाई प्रदेशसभा दलको विधान वमोजिम पार्टी र दलको हितमा कामकाज गर्नुहुने विश्वास सहित तपाइलाई प्रमुख सचेतक पदमा नियुक्त गरेको छु ।

(..........)
महेन्द्रबहादुर शाही
प्रदेश सभा दल नेता
तथा मुख्यमन्त्री, कर्णाली प्रदेश

बोधार्थ :
१) अध्यक्ष, नेपाल कम्युनिष्ट पार्टी (नेकपा)
कर्णाली प्रदेश कमिटी, वीरेन्द्रनगर, सुर्खेत ।
२) नेपाल कम्युनिष्ट पार्टी (नेकपा)
केन्द्रीय कार्यालय, काठमाडौं, नेपाल ।
३) प्रदेश सभा सचिवालय
कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेत ।

श्री कार्य व्यवस्था शाखा
दर्ता गरी मा. सभामुख समक्ष पेश गर्नू ।
६/२६

# नेपाल कम्युनिष्ट पार्टी (नेकपा) प्रदेशसभा दल

## कर्णाली प्रदेश

मिति : २०७७/०६/२७

मा. कुर्मराज शाही,

कर्णाली प्रदेश सभा सदस्य ।

विषय : नियुक्त गरिएको सम्वन्धमा ।

प्रस्तुत सम्वन्धमा नेपाल कम्युनिष्ट पार्टी (नेकपा) कर्णाली प्रदेश सभा दलको नेताको हैसियतमा प्रदेशसभा दलको विधानको दफा ८ वमोजिम प्रदेश सभा सदस्य एवं नेपाल कम्युनिष्ट पार्टी (नेकपा) प्रदेश सभा दलका सदस्य तपाई मा. कुर्मराज शाहीलाई प्रदेशसभा दलको विधान वमोजिम पार्टी र दलको हितमा कामकाज गर्नुहुने विश्वास सहित तपाइलाई सचेतक पदमा नियुक्त गरेको छु ।

(..................)

महेन्द्र बहादुर शाही

दल नेता

प्रदेश सभा दल नेता

तथा मुख्यमन्त्री, कर्णाली प्रदेश

बोधार्थ :

१) अध्यक्ष, नेपाल कम्युनिष्ट पार्टी (नेकपा)
कर्णाली प्रदेश कमिटी, वीरेन्द्रनगर, सुर्खेत ।

२) नेपाल कम्युनिष्ट पार्टी (नेकपा)
केन्द्रीय कार्यालय, काठमाडौं, नेपाल ।

३) प्रदेश सभा सचिवालय
कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेत ।